का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ फागुन २०७९,
बुधबार
1 March 2023,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## डगमगियो प्रदेश सरकार

प्रचण्डको पछिल्लो कदमपछि एमालेले राष्ट्रपति त गुमाउने स्थिति छ नै, संघ र प्रदेश सरकारबाट समेत बाहिरिनुपर्ने परिदृश्य निर्माण भएको छ ।



"प्रचण्ड आफ्नै व्यवहारले धोकेबाज देखिनुभएको छ । अब प्रचण्डसँग एमालेको सहकार्य हुँदैन । देशलाई अघि बढाउन एमाले एक्लै सक्षम छ ।"

**ज्वाला साह**
**निवर्तमान कृषिमन्त्री**



**दीपेन्द्रविक्रम तामाङ**
काठमाडौं, १६ फागुन ।

संघीय सरकारको राजनीतिक समीकरण फेरिएपछि त्यसको असर प्रदेश सरकारमा समेत पर्ने देखिएको छ । पुस १० मा भएको सहमति र त्यसैको आडमा बनेको सात दलीय गठबन्धन भंग भएपछि नेकपा एमालेको नेतृत्वमा रहेका प्रदेश सरकारहरुको भविष्य अन्योलमा परेका हुन् ।

मंसिर ४ मा भएको प्रतिनिधिसभा निर्वाचनमा दोस्रो दलको जनादेश पाएको एमालेले पुस १० मा भएको बालकोट सहमतिमा तेस्रो दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्री बनाएर चमात्कारिक ढंगबाट नेपाली राजनीतिलाई युटर्न गराएको थियो । बालकोटमा भएको सहमतिपछि गठन भएको सत्ता गठबन्धनको संयोजनको जिम्मा एमाले अध्यक्ष केपी शर्मा ओली आफैंले लिएका थिए । त्यसपछि बनेको प्रचण्ड नेतृत्वको सरकार झण्डै २ महिना ठीकठाक रुपमा चल्यो । त्यहीबीचमा सत्ता गठबन्धनमा भएको सहमति अनुरुप प्रदेश सरकार गठन भए भने प्रतिनिधिसभाको सभामुख एमालेले पायो, उपसभामुख राष्ट्रिय स्वतन्त्र पार्टीको भागमा पऱ्यो । तर जब निर्वाचन आयोगले राष्ट्रपति निर्वाचनको मिति तय गऱ्यो, तब सत्ता साझेदार दल एमाले र माओवादी केन्द्रको बीचमै खट्पट शुरु भयो ।

पुस १० मा प्रचण्डलाई प्रधानमन्त्री बनाउँदा राष्ट्रपति एमालेले पाउने सहमति भएको थियो । तर दुई महिनामै सरकार सञ्चालनमा एमाले अध्यक्ष ओलीको अनावश्यक हस्तक्षेप र दबाबबाट संशकित बनेका प्रधानमन्त्री प्रचण्डले राष्ट्रपतिमा राष्ट्रिय सहमतिको उम्मेदवार हुनुपर्छ भन्ने अडान लिन थाले । मुलुकको कार्यकारी भूमिकामा भए पनि आफू चारैतिरबाट ओलीको घेराबन्दीमा पर्ने देखिएपछि प्रचण्डले राष्ट्रिय सहमतिको उम्मेदवारको कार्ड फ्याँक्न बाध्य भएको उनी निकट नेताहरु बताउँछन् । प्रचण्डले खोजेको सुरक्षित विकल्पमा एमाले सहमत हुने कुरै भएन, त्यसैले उसले पुस १० को सहमति पालना हुनुपर्ने दबाब प्रचण्ड समक्ष दोहोऱ्याउन थाल्यो । एमाले राष्ट्रिय सहमतिको उम्मेदवारमा सहमत नहुने अवस्था देखिएपछि प्रधानमन्त्री प्रचण्डले बरु एमालेकै विकल्प खोज्न थाले । र, अन्ततः १२ फागुनमा उनले कांग्रेससहित ८ दलको गठबन्धन घोषणा गरे । ८ दलले कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेललाई राष्ट्रपतिको साझा उम्मेदवार बनाएका छन् । उता एमालेले उपाध्यक्ष सुवासचन्द्र नेम्वाङलाई पौडेलको प्रतिस्पर्धीका रुपमा उठाएको छ ।

प्रचण्डको उक्त कदमपछि एमालेले राष्ट्रपति त गुमाउने स्थिति बन्यो नै, संघ र प्रदेश सरकारबाट समेत बाहिरिनुपर्ने परिदृश्य निर्माण भयो । सोमबार बसेको सचिवालय बैठकले केन्द्रीय सरकार छाड्ने र समर्थन फिर्ता गर्ने निर्णय गरेर संघीय सरकारबाट एमाले बाहिरिसकेको छ ।

पुस १० को सहमति कार्यान्वयन नहुँदा एमाले दुई महिना चार दिन मात्रै सरकारमा बसेर बाहिरिएको हो । प्रचण्ड नेतृत्वको सरकारमा एमालेबाट उपप्रधानसहित आठ मन्त्री सामेल थिए । गएको पुस ११ गते एमाले उपाध्यक्ष विष्णु पौडेलको नेतृत्वमा सांसदहरू दामोदर भण्डारी, ज्वाला शाह र राजेन्द्रकुमार राई विनाविभागीय मन्त्रीमा नियुक्त भएका थिए । पौडेल उपप्रधानसहित अर्थमन्त्री बनेका थिए । त्यस्तै, माघ ३ गते चार मन्त्री थपिए । पहिले नियुक्त भएका मन्त्रीहरूले पनि जिम्मेवारी पाएका थिए । जसअनुसार दामोदर भण्डारी उद्योग, डा. विमला राई पौडेल परराष्ट्र, राजेन्द्र राई भूमि सुधार, पदम गिरी स्वास्थ्य, भगवती चौधरी महिला बालबालिका, हरिप्रसाद उप्रेती रक्षा, ज्वाला साह कृषिमन्त्री बनेका थिए ।

निवर्तमान कृषिमन्त्री साहले एमालेले प्रचण्डलाई प्रधानमन्त्री बनाएर ठूलो गल्ती गरेको बताएकी छिन् । मंगलबार रिपोटर्स क्लब नेपालमा भएको अन्तर्क्रियामा उनले प्रधानमन्त्री प्रचण्डलाई धोकेबाजको संज्ञा दिइन् । उनले भनिन्-'प्रचण्ड उहाँको आफ्नो व्यवहारले धोकेबाज देखिनुभएको छ । अब प्रचण्डसँग हाम्रो सहकार्य हुँदैन् ।

– बाँकी पृष्ठ २ मा

### राष्ट्रपति चुनावपछि मन्त्रिपरिषद विस्तार

प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिने र मन्त्रिपरिषद विस्तार राष्ट्रपतिको निर्वाचनपछि मात्र गर्ने तयारी गरेका छन् । सञ्चार तथा सूचना प्रविधिमन्त्री एवम् सरकारकी प्रवक्ता रेखा शर्माले मंगलवार मन्त्रालयमा आयोजित कार्यक्रममा मन्त्रिपरिषद् विस्तार राष्ट्रपतिको निर्वाचनपछि हुने बताएकी हुन् । नयाँ गठबन्धन बनेको र को-को सरकारमा जाने भन्ने विषयमा पनि छलफल गर्नुपर्ने भएकाले त्यसको टुंगो लागिसकेपछि मात्रै मन्त्रिपरिषद् विस्तार हुने उनले बताइन् । राष्ट्रपतिको निर्वाचनका लागि ध्यान केन्द्रित गर्नुपरेकाले त्यसअघि विश्वासको मत लिने कार्यक्रम समेत नरहेको उनले स्पष्ट पारिन् । तर निर्धारित समयभित्रै विश्वासको मत लिइने मन्त्री शर्माले बताइन् ।

फागुपर्व सभ्य रुपमा मनाऔं ।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं ।
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने काम नगरौं ।
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं ।
- हानिकारक र रसायनयुक्त रङ्को प्रयोग नगरौं ।
- मदिरा तथा लागुपदार्थको सेवन नगरौं ।
- गैरकानूनी र उच्छृंखल व्यवहार नगरौं ।

चाडपर्वलाई मौलिकरुपमा मनाऔं, सभ्य नागरिकको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## उपनिर्वाचनका लागि १८ दल दर्ता




**काठमाडौं/मस-** आगामी वैशाख १० गते चितवन क्षेत्र नम्बर २ मा हुने प्रतिनिधिसभा सदस्य उपनिर्वाचनका लागि १८ वटा राजनीतिक दलले दर्ता गरेका छन् । निर्वाचन आयोगले फागुन १० गतेदेखि फागुन १६ गतेसम्म उपनिर्वाचन प्रयोजनका लागि १८ वटा राजनीतिक दल दर्ता भएको जानकारी दिएको हो ।

आयोगले वैशाख १० मा हुने उपनिर्वाचनका लागि फागुन १० देखि फागुन १६ गतेसम्म दल दर्ताको मिति तय गरेको थियो । उक्त मितिभित्र राष्ट्रिय मान्यता पाएका ७ दलमध्ये चितवन-२ को उपनिर्वाचनको प्रयोजनका लागि भने एमाले, कांग्रेस, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले मात्र दल दर्ता गरेको आयोगका प्रवक्ता शालिग्राम पौडेलले बताए । उनका अनुसार राष्ट्रिय मान्यता पाएका जनता समाजवादी पार्टी र जनमत पार्टीले दल दर्ता गरेका छैनन् ।

– बाँकी पृष्ठ २ मा

### भीआईपीको उपचार

## कानूनी छिद्रको दुरुपयोग

यो वर्ष पूर्वराष्ट्रपति डा. रामवरण यादव र एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले ४५ लाख रूपैयाँ उपचार खर्च लिएका छन् । यादव र खनाललाई मात्रै अहिलेसम्म राज्यले दुई करोड ७५ लाख रूपैयाँ उपचार खर्च उपलब्ध गराएको छ ।



"कानूननै मिचेर राज्यकोष दोहन गर्ने विषयमा सरकारले नै बन्देज लगाउनुपर्छ । कार्यविधिमा तोकिएभन्दा एक रुपैयाँ बढी नदिने हो भने राज्यकोषको दोहन आफैं नियन्त्रणमा आउँछ ।"

**मुमाराम खनाल**, राजनीतिक विश्लेषक

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १६ फागुन ।

नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकका रुपमा स्थापित गरेको छ । तर, नागरिकहरु स्वास्थ्योपचार नपाएर मरिरहँदा राज्यको महत्वपूर्ण पदमा पुगेका व्यक्तिले भने उपचारको नाममा राज्यको सम्पत्तिको दोहन गर्न थालेका छन् । जसको पछिल्लो उदाहरणका रुपमा नेकपा एकीकृत समाजवादीका नेता झलनाथ खनाल र पूर्वराष्ट्रपति रामवरण यादव हुन् । यो वर्ष मात्रै पूर्वराष्ट्रपति यादव र पूर्वप्रधानमन्त्री खनालले ४५ लाख रूपैयाँ उपचार खर्च लिएका छन् । यादव र खनाललाई मात्रै अहिलेसम्म राज्यले दुई करोड ७५ लाख रूपैयाँ उपचार खर्च उपलब्ध गराएको छ । यादव र खनाल

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## साउदीमा तलब, सुविधा नदिने कम्पनी 'ब्ल्याकलिष्ट'मा पर्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ फागुन

साउदी अरेबियास्थित नेपाली दूतावासले नेपाली कामदारलाई करारमा उल्लेख गरिएबमोजिम सेवासुविधा नदिने रोजगारदाताको मागपत्र प्रमाणीकरण नगर्ने तयारी गरेको छ । साउदी अरबमा रहेका नेपाली संघसंस्थाका प्रतिनिधिसँगको छलफलमा साउदीका लागि नेपाली राजदूत नवराज सुवेदीले उक्त जानकारी दिएका हुन् ।

तोकिएको सेवासुविधा नदिने रोजगारदाताको मागपत्र प्रमाणीकरण नगर्ने दूतावासको घोषित नीति भएपनि दूतावाससँग कामदारका समस्याप्रति उदासीनता देखाउने वा जानाजानी लापरबाही गर्ने कम्पनीको कालो सूची (ब्ल्याकलिष्ट) नभएका कारणले त्यस्ता रोजगारदाताका मागपत्र पनि प्रमाणीकरण हुने गरेका थिए । राजदूत सुवेदीले कामदार हरूलाई दुःख दिने कम्पनीको सूची नै बनाएर मागपत्र प्रमाणीकरणमा कडाइ गर्ने बताएका छन् ।

राजदूत सुवेदीले रोजगारदाता कम्पनीको तर्फबाट करारमा उल्लेख भएअनुसार सेवासुविधा दिए/नदिएको अनुगमन गरिरहेको भन्दै राजदूत सुवेदीले उक्त मुलुकका रोजगारदाताहरूलाई भेटेर नेपाली कामदारलाई सम्झौताअनुसारको सेवासुविधा दिन आग्रह गरिरहेको समेत बताएका छन् ।

राजदूत सुवेदीले साउदी अरबका केही रोजगारदाता र नेपालका केही वैदेशिक रोजगार व्यवसायीहरूमा समस्याको समाधान समयमै नगर्ने प्रवृत्ति देखिएकाले कामदार समस्यामा पर्ने गरेको समेत बताए । नेपाल वैदेशिक रोजगार व्यवसायी संघसँगको अन्तरक्रियामा

– बाँकी पृष्ठ २ मा

### विभागमा मुक्कामुक्की, अभियन्ता बराल घाइते



**काठमाडौं/मस-** पीडितलाई न्याय दिलाइदिने भन्दै वैदेशिक रोजगार विभाग प्रवेश गरेको एक समूह र त्यहाँ रहेका व्यक्तिहरूबीच मंगलबार धक्का र मुक्कामुक्की भएको छ । यूएईबाट फर्केका बाइक राइडरहरूलाई पर्याप्त क्षतिपूर्ति नदिइएको दाबी गर्दै सामाजिक अभियन्ता तारा बराल र केही क्यामराम्या

– बाँकी पृष्ठ २ मा



### डगमगियो...

हामी हिजोपनि एक्लै चुनाव लडेको हो । देशलाई अघि बढाउन एमाले एक्लै सक्षम छ ।' सोमवार मात्रै मन्त्री पदबाट राजीनामा दिएकी साहले आफ्नो पार्टीले प्रचण्डलाई प्रधानमन्त्री बनाएर ठूलो गल्ती गरेको पनि स्पष्ट पारिन् । उनले भनिन्-'अब त उहाँको बुद्धि पलाउला भनेको त, प्रचण्डमा त्यस्तो देखिएन । शहीदका सपना पूरा होलान् भनेको त उहाँ व्यक्तिगत स्वार्थ र काममा लाग्नुभयो ।'

दुई महिनामै सरकारबाट बाहिरिएपनि एमालेले सभामुख पाएको छ । पुस १० गतेको सहमति अनुसार एमालेका देवराज घिमिरे सभामुख निर्वाचित भएका हुन् । त्यही सहमति अनुसार एमालेले प्रदेश १, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम गरी चारवटा प्रदेशको समेत नेतृत्व पाएको थियो । जसमध्ये सुदूरपश्चिम प्रदेशको नेतृत्व एमालेले यसअघि नै गुमाइसकेको छ । नागरिक उन्मुक्ति पार्टीले विश्वासको मत नदिँदा एमालेबाट मुख्यमन्त्री बनेका राजेन्द्रसिंह रावल एक महिनामै पदमुक्त भएका थिए । हाल प्रदेश १, गण्डकी र लुम्बिनी प्रदेश सरकारमा एमालेको नेतृत्व छ । तर ती जुनसुकैबेला गुम्ने खतरामा छन् ।

प्रदेश १ मा एमाले पहिलो दल भए पनि गण्डकी र लुम्बिनी प्रदेश भने उसले सहजै गुमाउनुपर्ने सम्भावना छ । प्रदेश १ मा माओवादी केन्द्र, जनता समाजवादी र राप्रपाको समर्थनमा एमाले नेतृत्वको सरकार छ । ९३ सिट रहेको प्रदेश सभामा एमालेको ४०, माओवादीको १३, राप्रपाको ६ र जसपाको एक सिटसहितको समर्थनमा हिक्मत कार्की मुख्यमन्त्री छन् । प्रदेश १ मा मुख्यमन्त्रीसहित एमालेमा दुई मन्त्री छन् । तीलकुमार मेन्याङबो , बुद्धिकुमार राजभण्डारी मन्त्री छन् । मधेश प्रदेशमा एमालेका चारजना मन्त्री र एकजना राज्यमन्त्री छन् । वाग्मतीमा भने एमालेबाट जगन्नाथ थपलिया, एकलाल श्रेष्ठ, केशव पोखरेल र रामेश्वर श्रेष्ठ गरी चार मन्त्री छन् । त्यसैगरी गण्डकीमा मुख्यमन्त्री खगराज अधिकारी छन् । यहाँ एमालेबाट आर्थिक मामिलामन्त्री सीता सुन्दास, आन्तरिक मामिला तथा कानुनमन्त्री रोशनबहादुर गाहामगर र कृषि, ऊर्जा तथा जलस्रोतमन्त्री वेदबहादुर गुरुङ छन् ।

उता एमालेका लीला गिरी मुख्यमन्त्री रहेको लुम्बिनी प्रदेशमा विष्णुप्रसाद पन्थी, दुर्गाप्रसाद चौधरी र तुलसीराम शर्मा एमालेका तर्फबाट मन्त्री छन् । यस्तै कर्णालीमा एमालेबाट विनोदकुमार शाह आर्थिक मामिला तथा योजनामन्त्री, टेकराज पछाई सामाजिक विकास मन्त्री र जीतबहादुर बुढा उद्योग पर्यटन वन तथा वातावरणमन्त्री छन् । एमालेले मधेस प्रदेशमा र कर्णाली प्रदेशमा सभामुख पाएको छ भने सुदूरपश्चिममा उपसभामुख पाएको छ ।

### उपनिर्वाचनका...

त्यस्तै नेकपा एकीकृत समाजवादी पार्टीले पनि उपनिर्वाचनका लागि दल दर्ता गरेको छैन । तर नागरिक उन्मुक्ति पार्टीले भने उपनिर्वाचन प्रयोजनका लागि दल दर्ता गरेको आयोगले जनाएको छ ।

प्रतिनिधिसभाका तत्कालीन सांसद रवि लामिछानेको सांसद पद सर्वोच्च अदालतले खारेज गरिदिएपछि चितवन क्षेत्र नम्बर २ मा आगामी वैशाख १० गते उपनिर्वाचन गर्ने तय भएको हो । उपनिर्वाचनका लागि आयोगले निर्वाचन कार्यातालिकासमेत सार्वजनिक गरिसकेको छ । सार्वजनिक कार्यतालिका अनुसार आगामी चैत २० गते उम्मेदवार मनोनयन हुनेछ । त्यसैगरी चैत २१ गते उम्मेदवारको विरोधमा उजुरी, चैत २२ गते मनोनयन पत्र र उजुरीउपर जाँचबुझ गरी निर्णय दिने तथा उम्मेदवारको नामावली प्रकाशन गर्ने रहेको छ । यस्तै चैत २३ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने कार्यक्रम रहेको निर्वाचन आयोगले जनाएको छ ।

### भीआईपीको...

मात्रै होइन पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, पूर्वउपराष्ट्रपति परमानन्द झा, पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द तथा नेताहरू गोविन्दराज जोशी, देवेन्द्रराज कँडेल, महेन्द्रराय यादव, सुजाता कोइराला, नारायणकाजी श्रेष्ठ लगायतले पनि विदेशमा उपचारवापत लाखौं रुपैयाँ राज्य कोषबाट लिइसकेका छन् । अघिल्लो वर्ष निर्वाचन आयोगका आयुक्त ईश्वरीप्रसाद पौडेलकी पत्नीको उपचारका लागि समेत २० लाख रूपैयाँ राज्यबाट खर्च भएको थियो ।

'यो नीति र विधि विपरीत कार्य हो । संविधानले सबै नागरिकले रोगको उपचार पाउनु नैसर्गिक अधिकार भनेपनि राजनीतिज्ञहरूले यसको असीमित लाभ लिएर राज्यकोषको दुरूपयोग गरेका छन्, यो नियन्त्रण हुनैपर्छ' राजनीतिक विश्लेषक डा. राजेश अहिराजले भने । राज्यको उच्चतहमा पुगेको भन्दैमा राज्यलाई असीमित दायित्व थुपार्ने व्यक्ति स्वयम्को पनि गल्ती भएको उनको तर्क छ ।

त्यतिमात्रै होइन, जनस्वास्थ्य ऐन २०७५ अनुसार कुनै पनि व्यक्तिलाई वैदेशिक उपचारवापत खर्च उपलब्ध गराउन मिल्दैन । ऐनको दफा ३० मा 'प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा उपचार गर्नुपर्ने भएमा सोको लागि लाग्ने खर्च नेपाल सरकारबाट उपलब्ध गराइने छैन' भनिएको छ । तर, कानूनमा स्पष्ट व्यवस्था हुँदाहुँदै पनि विभिन्न नेताको उपचारमा लाग्ने रकम व्यहोर्ने निर्णय विभिन्न सरकारले गर्दै आएका छन् ।

नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि अनुसार पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वसभामुख, पूर्वप्रधानन्यायाधीशले अधिकतम १५ लाख रूपैयाँ उपचार खर्च पाउँछन् भने उपसभामुख, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री, सहायक मन्त्री, सांसद र संवैधानिक निकायका पदाधिकारीलाई बढीमा दस लाख रूपैयाँ उपचार खर्च पाउने व्यवस्था छ । तर, विभिन्न पदीय जिम्मेवारीमा बसिसकेका व्यक्तिहरुको राज्य दोहन गर्ने प्रवृत्तिमा कमी नआउनु दुखद भएको राजनीतिक विश्लेषक मुमाराम खनाल बताउँछन् ।

'कानूननै मिचेर राज्यकोष दोहन गर्ने विषयमा सरकारले नै बन्देज लगाउनुपर्छ, कार्यविधिमा तोकिएभन्दा एक रुपैयाँ बढी पनि नदिने हो भने राज्यकोषको दोहन आफैं नियन्त्रणमा आउँछ,' खनालले भने । सरकारले साउनदेखि माघ महिनासम्म सहायताको नाममा ५ करोड ४६ लाख रूपैयाँ वितरण गरेको छ र उक्त पैसा पाउनेमा अधिकांश नेता र उनीहरूका आफन्त मात्रै रहेका छन् ।

### साउदीमा ...

उनले केही दिनअघि कामदारका समस्यामा उदासीन व्यवसायीलाई संघले आचारसंहितामार्फत कारबाही गर्नसमेत सुझाव दिएका थिए ।

### विभागमा...

न विभाग पुगी छलफल हुँदा चर्काचर्की भएको बताइएको छ । त्यसैक्रममा भुईंमा लडेकी बरालले टाउकोमा गम्भीर चोट लागेको बताएपछि सिटी स्क्यानका लागि निजामती अस्पताल लगिएको थियो । धक्कामुक्कीमा संलग्न भएको भन्दै प्रहरीले चार जना क्यामराम्यानलाई पक्राउ गरी महानगरीय प्रहरी प्रभाग नयाँ बानेश्वर राखेको बताइएको छ ।

केही दिनयता विभागमा वैदेशिक रोजगारबाट फर्केका युवाहरू क्यामराम्यानसहित आएर हुलहुज्जत गर्दा कार्य सम्पादनमा अवरोध उत्पन्न भएको विभागले बताएको छ । विभागले पीडितको नामबाट कानुन, विधि र प्रक्रिया विपरीत विभाग कार्यालयभित्र नाराजुलुस गर्ने, अमर्यादित भाषाको प्रयोग गरी कार्यालयमा आतंक मच्चाउने र काम गर्ने वातावरण प्रभावित गर्ने लगायतका कार्यहरू बढ्दै गएको भन्दै कार्यालय प्रवेशमा कडाइ गरेको छ । विभागका निर्देशक कृष्णप्रसाद भुसालले अमर्यादित क्रियाकलाप अन्त्य गरी विधि र प्रक्रिया बमोजिमको काम गर्ने वातावरण निर्माण गर्न आग्रह गर्दै सेवाग्राहीसँग कुनै गुनासो भए कानुनी प्रक्रियाअनुसार आउनुपर्ने बताएका छन् ।

करिब तीन हप्ताअघि महानिर्देशक उमाकान्त आचार्यले विभिन्न कारणले वैदेशिक रोजगार व्यवसायीमाथि बाह्य दबाब बढेकाले गम्भीर हुन व्यवसायीहरूलाई सुझाव दिएका थिए ।

"पर्यटकीय नगरी"

## सूर्योदय नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम
१ नं. प्रदेश, नेपाल

### सिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/११/१७)

यस कार्यालयबाट तपसिल बमोजिमका विभिन्न निर्माण कार्यको लागि मिति २०७९/०९/२६ मा प्रकाशित सिलबन्दी बोलपत्र आह्वानको सूचना बमोजिम पेश हुन आएका सिलबन्दी बोलपत्रहरू मध्ये तपसिलमा उल्लेख भएका बोलपत्रहरू न्यून मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भएको हुँदा स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन (संशोधन सहित) २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| Contract ID : | Description of Work : | Lowest Evaluated Substantially Responsive Bidder's Name and Address: | Bid Price in NRs. (Including VAT and PS) : |
|---|---|---|---|
| SUMO/ILAM/NCB/ WORKS27-079/080 | Upgrading of Manebhanjyang Chowk Deurali Bagbire Mahadevsthan Manglabare Road Phase V | Sohina Construction Sewa, Suryodaya Municipality-03, Ilam | **6,332,450.96** |
| SUMO/ILAM/NCB/ WORKS28-079/080 | Upgrading of Buddha Park Kattebung Road Phase IV | Sohina Construction Sewa, Suryodaya Municipality-03, Ilam | **4,362,313.90** |
| SUMO/ILAM/NCB/ WORKS29-079/080 | Upgrading of Harkate Targaun Mahendrabesi Road Phase III | Prakash Construction Pvt. Ltd., Ilam Municipality-02, Ilam | **8,265,064.50** |
| SUMO/ILAM/NCB/ WORKS30-079/080 | Upgrading of Paltange Kalopatre Bhagyodaya Rai Tole Biring Khola Road Phase IV | Vintage Construction Pvt. Ltd., Maijogmai Rural Municipality-06, Ilam | **7,595,441.87** |
| SUMO/ILAM/NCB/ WORKS31-079/080 | Upgrading of Yang Khola Ping Danda Ghumanune Malim Setidevi Tole Pariwartan Tole Tinghare Road Phase V | Jay Shambhu Nirman Sewa, Ilam Municipality-09, Ilam | **4,238,717.10** |
| SUMO/ILAM/NCB/ WORKS32-079/080 | Upgrading of Ganesh Himal Karki Danda Uttare Khola Godam Kechi Gaun Lapcha Sangrahalaya Road (Janak Ma Bi - Karki Danda Segment) | Kankai Nirman Sewa, Triyuga Municipality-11, Udayapur | **2,424,047.14** |
| SUMO/ILAM/NCB/ WORKS33-079/080 | Construction of 1 Storey 2 Room School Building at Bhawani Aa Bi | Raj Prajwal Suppliers and Construction Pvt. Ltd., Ilam Municipality-08, Ilam | **2,852,017.53** |
| SUMO/ILAM/NCB/ WORKS34-079/080 | Construction of 1 Storey 2 Room School Building at Diyalo Aa Bi | Raj Prajwal Suppliers and Construction Pvt. Ltd., Ilam Municipality-08, Ilam | **2,822,346.78** |
| SUMO/ILAM/NCB/ WORKS35-079/080 | Construction of 1 Storey 2 Room School Building at Saraswati Niwas Aa Bi | Mata Pathivara Nirman Tatha Bikas Pvt. Ltd., Kathmandu Metropolitan City-10, Kathmandu | **2,769,241.98** |
| SUMO/ILAM/NCB/ WORKS36-079/080 | Construction of 1 Storey 2 Room School Building at Sharda Aa Bi | Bhojka Nirman Sewa, Arjundhara Municipality-11, Jhapa | **2,732,702.52** |
| SUMO/ILAM/NCB/ WORKS37-079/080 | Construction of 1 Storey 4 Room School Building at Janak Ma Bi | ADC Construction, Suryodaya Municipality-09, Ilam | **5,919,464.89** |
| SUMO/ILAM/NCB/ WORKS38-079/080 | Renovation and Maintainance Works at Karphok Campus | Mata Pathivara Nirman Tatha Bikas Pvt. Ltd., Kathmandu Metropolitan City-10, Kathmandu | **1,919,485.88** |

प्रमुख प्रशासकीय अधिकृत

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

## स्वास्थ्य निर्देशनालय
## जिल्ला अस्पताल दार्चुला

२०७५

### सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/१०/२९**
**दोस्रो पटक प्रकाशित मितिः २०७९/११/१७**

यस कार्यालयलाई आवश्यक रहेको देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक ईजाजत प्राप्त उत्पादक कम्पनी वा त्यस्तो आधिकारिक विक्रेताहरुको फर्म दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाण पत्र, अथोराईजेशन पत्र र आ.व. ०७८/०७९ को आयकर चुक्ता प्रमाण पत्रको (नोटरी पब्लिकबाट) प्रमाणित प्रतिलिपिहरु संलग्न गरी आ-आफ्नो उत्पादनको आधिकारीक स्पेसिफिकेशन, गुणस्तर, मुल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी मिति २०७९/११/२३ गते दिनको १२:०० बजे सम्म सिलबन्दी प्रस्ताव दर्ता गर्नहुन जानकारी गराईन्छ, दर्ता भएका प्रस्तावहरु सोही दिनको २:०० बजे खोलिने हुँदा सम्बन्धित उत्पादक कम्पनी वा सोको आधिकारिक विक्रेताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै सवारी साधनको प्राविधिक स्पेसिफिकेशन सम्बन्धि कागजातहरु यस कार्यालयको आधिकारिक Website: www.darchulahospital.p7.gov.np बाट प्राप्त गर्न सकिने छ ।

आवश्यक सवारी साधनको विवरण

| क्र.स. | सवारी साधनको नाम | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | एम्बुलेन्स "ख" वर्ग | **Hard Top Jeep, Right Hand Drive model suitable for normal and rough road condition of Nepal. Gross Vehicle Weight of the vehicle shall not be less than 2400 kg** and shall have seating capacity for at least driver, passenger and patient. **Minimum ground clearance 180 mm.** High ground clearance preferred. | १ (एक) | |

जिल्ला अस्पताल दार्चुला

**Province Government**
**Ministry of Social Development and Health**
**Social Development Office**
**Nawalparasi (Ba.Su.Pu.)**

## Invitation for E-Bid

*Date of Published: 2079-11-17 (2023-03-01)*

1. Province Government, Ministry of Social Development and Health, Social Development Office, Nawalparasi (Ba.Su.Pu.) invites electronic bid from duly registered eligible bidders for the contract given below.

| S.N. | Contract No. | Description of the Work | Estimated Amount Without Vat and PS NRs | Minimum Bid Security Amount (NRs) and its validity period | Non Refundable fee for Bidding Document NRs | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | SDO/PBCW /Works/NCB-02/079-80 | Construction of Loksewa Secondary School Lab Building Madhyabindu -09 | 1,02,40,579.00 | 3,00,000.00 (valid for 120 days from the date of bid opening) | 3000.00 | 90 days |

2. For Purchasing Bid Document, Name of Office: **Social Development Office, Nawalparasi (Ba.Su.Pu.),** Name of Bank: **Rastriya Bank Limited,** Office Code No.: **3500846014,** Account no.: **1000100200010000,** Revenue Head no.:**14229**
3. To deposit security in Cash: Name of Bank: **Rastriya Banijya Bank Limited,** Account Name: **Dharauti Khata,** Account no: **3200100202030000**
4. Last date and time for bid submission: 2079-12-16 / 12:00 Noon (ii) Date, time and place for bid opening : 2079-12-16/ 14:00 Hours. SDO, Nawalparasi (Ba.Su.Pu.) For detail information, please inspect the bidding documents at the **SDO, Nawalparasi (Ba.Su.Pu.)** or through website: **www.bolpatra.gov.np/egp**

**-Office Chief**

## कतारमा रोजगार

१. कम्पनी: WADI AL DUKHAN CAR SPARE PARTS TRADING
शहर : QATAR

पुर्व स्वीकृत मितिः २०७९/११/१६ चलानी नं.: ६०१९७३०० L.T. No.: 281814

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Administrative Supervisor | 3 | 0 | स. काममा दक्ष | 3000 | १०८,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Decor Wood Worker | 1 | 0 | | 1400 | ५०,७२२ | | | | | | | |
| 3. | Foreman | 8 | 0 | | 2500 | ९०,५७५ | | | | | | | |
| 4. | General Supervisior | 1 | 0 | | 2700 | ९७,८२१ | | | | | | | |
| 5. | Labour | 5 | 0 | | 1200 | ४३,४७६ | | | | | | | |
| 6. | Marketing | 3 | 0 | | 2500 | ९०,५७५ | | | | | | | |
| 7. | Marketing Represent | 5 | 0 | | 2500 | ९०,५७५ | | | | | | | |
| 8. | Purchase Rep. | 5 | 0 | | 2500 | ९०,५७५ | | | | | | | |
| 9. | Receptionist | 1 | 0 | | 2000 | ७२,४६० | | | | | | | |
| 10. | Representative | 3 | 0 | | 2200 | ९०,५७५ | | | | | | | |
| 11. | Salesman | 4 | 0 | | 1500 | ५४,३४५ | | | | | | | |
| 12. | Supervisor | 6 | 0 | | 2500 | ९०,५७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २४ गते (8 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

## अल-हरमैन एच.आर. प्रा. लि.

श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोनः ०१-४११०९१२
Email: alharmainhr@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

## सरकारी एकीकृत डाटा केन्द्र पूर्ण क्षमतामा सञ्चालन

# २४ घण्टा निगरानी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ फागुन

सरकारले विभिन्न मितिमा शहीद घोषणा गरेको तर नेपाल राजपत्रमा नामावली प्रकाशन हुन बाँकी रहेकाको नाम राजपत्रमा प्रकाशन गर्ने भएको छ । मन्त्रिपरिषद्को सोमबारको बैठकले जनयुद्ध, जनआन्दोलन, मधेसलगायतका आन्दोलनमा सहादत प्राप्त गरी शहीद घोषणा गरेका तर राजपत्रमा प्रकाशित हुन बाँकीको नाम राजपत्रमा प्रकाशन गर्ने निर्णय गरेको हो । मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले ती आन्दोलनमा सहादत प्राप्त गर्नेको नाम घोषणा भए पनि राजपत्रमा प्रकाशित हुन बाँकी रहेकाले उनीहरुको मात्र नाम राजपत्रमा प्रकाशित गरिने जानकारी दिइन् । उनले भनिन्, 'आन्दोलनमा को-कतिको मृत्युभन्दा पनि के-कतिलाई शहीद घोषणा गरिएको थियो भन्ने आधारमा नाम प्रकाशन हुने छ ।' बैठकले सरकारका सबै निकायका तथ्यांक एवं सूचना प्रविधि प्रणाली सरकारी एकीकृत डाटा केन्द्रमा राखी व्यवस्थापन गर्ने निर्णय गरेको छ ।



राष्ट्रिय सूचना प्रविधि केन्द्रले काठमाडौंमा रहेका सरकारी एकीकृत डाटा केन्द्र तथा हेटौंडामा रहेको डिजास्टर रिकभरी केन्द्रलाई पूर्ण क्षमतामा सञ्चालन गरी २४ घन्टा नेटवर्किङ र साइबर सुरक्षासम्बन्धी प्राविधिकले निगरानी गर्ने व्यवस्था मिलाउने समेत बैठकले निर्णय गरेको छ ।

बैठकले एसियाली विकास बैंकको आयोजनामा फिलिपिन्समा यही फागुन २५ र २६ गते आयोजना हुने मध्यकालीन समीक्षा कार्यक्रममा अर्थमन्त्रालयका सचिव तोयम रायलाई सहभागी हुन स्वीकृत प्रदान गरेको छ । यस्तै नेपाल गुणस्तरीय स्वास्थ्य सेवा प्रणालीका कार्यक्रमका लागि विश्व बैंकबाट प्राप्त हुने १०० मिलियन डलर बराबरको सहुलियतपूर्ण ऋण सहायता तथा तीन दशमलव ८४ मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायतासम्बन्धी सम्झौतालाई अन्तिमरुप दिन वार्ता टोली गठन गर्न बैठकले अनुमति दिएको छ ।

सरकारले कर्णाली कोरिडोर चार सय केभी प्रसारण लाइन आयोजनाका लागि जग्गा प्राप्ति गर्न क्षतिपूर्ति निर्धारण समिति गठन गर्ने भएको छ। मन्त्रिपरिषद्ले थाइल्याण्डको बैंककमा यही फागुन २४ र २५ गते भर्चुअल माध्यमबाट आयोजना हुने २३औं बिमस्टेक परराष्ट्रसचिव/वरिष्ठ पदाधिकारीको बैठकमा भाग लिन परराष्ट्र सचिव नेतृत्वको र १९औं बिमस्टेक मन्त्रिस्तरीय बैठकमा भाग लिन परराष्ट्रमन्त्री नेतृत्वको प्रतिनिधिमण्डल गठन गरेको छ । परराष्ट्रमन्त्री नभएको अवस्थामा उक्त बैठकमा प्रधानमन्त्रीले तोकेका मन्त्रीले भाग लिनेछन् ।

बैठकले कतारको दोहामा सम्पन्न हुने अतिकम विकसित मुलुकको पाँचौं संयुक्त राष्ट्रसंघीय सम्मेलनमा भाग लिन उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठ नेतृत्वको प्रतिनिधिमण्डलको फागुन १९ देखि फागुन २३ सम्मको भ्रमण स्वीकृत गरेको छ ।

मन्त्री शर्माले स्वीट्जरल्याण्डको जेनेभामा मानवअधिकारसम्बन्धी कार्यक्रममा नेपालको तर्फबाट सहभागी हुने प्रतिनिधिमण्डलमा विज्ञका रुपमा गोविन्द बन्दीको नाम पहिले नै समावेश रहेकाले प्रधानमन्त्रीको सल्लाहकार र विज्ञका रुपमा भाग लिने उनले जानकारी दिइन् ।

सरकारले खानीखोला गाउँ कार्यपालिकाको प्रशासकीय भवन निर्माण गर्न काभ्रेपलाञ्चोकको खानीखोला-५ स्थित राष्ट्रिय वन क्षेत्रको छ रोपनी जग्गा प्रयोग गर्न स्वीकृति दिएको छ । बैठकले पर्वतीय प्रशिक्षण विकास समिति गठन पाँचौं संशोधन आदेश, २०७९ स्वीकृत गर्ने निर्णय गरेको छ ।

# अवैध रुपमा सञ्चालित नेटवर्किङ कम्पनी बन्द

**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, १६ फागुन

जिल्ला प्रशासन कार्यालय बझाङले नेटवर्किङ व्यवसाय सञ्चालन गर्दै आएको आरएनसी ट्रेडिङ प्रालिमा अनुगमन गरेको छ। सोमबार विभिन्न सञ्चार माध्यममा आरएनसी ट्रेडिङ प्रालिको नेटवर्किङ विजनेशका कारण स्थानीयहरु ठगिँदै गरेको समाचार प्रसारण एवं प्रकाशित भएपछि मंगलबार सहायक प्रमुख जिल्ला अधिकारी प्रमोद चन नेतृत्वको टोलीले अनुगमन गरेको हो ।

अनुगमनको क्रममा उक्त संस्थाले नियम विपरीत काम गरिरहेको फेला पारेपछि तत्काल बन्द गर्न निर्देशन दिइएको छ ।

'प्रत्यक्ष बिक्री व्यवस्थापन तथा नियन्त्रण गर्ने ऐन २०७४' को परिच्छेद २ बमोजिम इजाजतसम्बन्धी व्यवस्था अनुसार आरएनसी ट्रेडिङले परिच्छेदको दफा ३ बमोजिम इजाजत प्राप्त नगरी वस्तुको प्रत्यक्ष बिक्रीवितरण सम्बन्धी कार्य गरेको भन्दै बन्द गर्ने निर्णय गरेको हो । यस्तै कम्पनीका प्रकाशबहादुर चन्दको नाममा नगरपालिकामा व्यवसाय दर्ता भएको, स्थायी लेखा नम्बर, कम्पनीको रजिस्ट्रारको कार्यालयमा दर्ता नभएको र घरेलु तथा साना उद्योग कार्यालय बझाङमा समेत दर्ता नभएको पाइएको बताइएको छ ।

अनुगमन टोलीको रोहबरमा प्रक्रियागत ढंगबाट सञ्चालन नभएको आरएनसी ट्रेडिङ कार्यालयलाई मंगलबारबाटै बन्द गर्ने निर्णय गरिएको अनुगमन समितिका अध्यक्ष एवं सहायक प्रमुख जिल्ला अधिकारी चनले बताए ।

सदरमुकाम चैनपुरमा खोलिएको प्रालिले छोटो अवधिमा उच्च प्रतिफलको प्रलोभनमा पारी नयाँ ग्राहक बन्न प्रोत्साहन गर्ने, आफ्ना सदस्य ग्राहकमार्फत अर्को नयाँ व्यक्तिलाई ग्राहक बनाउन हौस्याउने र आफ्नो सञ्जाल अन्तर्गत बिक्री गरे बापत कमिसन दिने भन्दै पिरामिड संरचनाको कार्यक्रम मार्फत ठगी गरिरहेको पाइएको छ । यस कम्पनीमा जिल्लाका दुई सयभन्दा बढी मानिस आवद्ध भइसकेको बझाङ शाखा प्रमुख प्रकाश चन्दले बताएका थिए ।

सहायक प्रमुख जिल्ला अधिकारी चनको नेतृत्वमा जिल्ला समन्वय समितिका यज्ञराज खत्री, उद्योग वाणिज्य संघका निम थापा, घरेलु तथा साना उद्योग कार्यालयका दशरथबहादुर जर्पेलगायतको टोलीले अनुगमन गरेको थियो ।

## शम्भुनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कठौना, सप्तरी**
**मधेश प्रदेश नेपाल**

### बोलपत्र स्वीकृतको आशय पत्र सम्बन्धी सूचना

**मिति : २०७९/११/१६**

यस नगरपालिकाको मिति २०७९/०९/०२ गते प्रकाशित बोलपत्र आव्हान सूचना अनुसार तोकिएको मिति सम्म पर्न आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित बोलपत्रहरु मुल्याङकन समितिबाट सारभुत रुपमा प्रभावग्राही देखिएको हुँदा तपशिलमा उल्लेखित बोलपत्रहरु स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (२) को प्रयोजनार्थ सम्वन्धित सबै बोलपत्रदाताहरुको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | छनौट बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १. | 03/T/SHMUN /2079/080 | वडा नं. ०६ धर्मशाला निर्माण । | लोमस बाबा कन्सट्रक्शन शम्भुनाथ न.पा. ०५, सप्तरी । | १२,२४,८०३।०४ | |

**बोद्धार्थ**

१. श्री रिजन एण्ड प्रतिक्षा कन्सट्रक्शन । कोशी गा.पा.०२, लौकही सुनसरी ।
२. श्री इनोभेटिभ सिभिल सर्भिस । खडक न.पा. ०६, कल्याणपुर सप्तरी ।
३. श्री बजरंगवली कन्सट्रक्शन । तिरहुत गा.पा.०४, सप्तरी ।
४. श्री एस.एच. एण्ड सन्स कन्सट्रक्शन । शम्भुनाथ न.पा.०१, खोकसर सप्तरी ।
५. श्र निखलेश्वर इन्जिनियरिङ्ग एण्ड कन्सट्रक्शन प्रा.लि. । काठमाण्डौं १२ ।
६. लोमस बाबा कन्सट्रक्शन । शम्भुनाथ न.पा.०५ मोहनपुर सप्तरी ।
७. शाह निर्माण कम्पनी ।

**प्रमुख प्रशासकीय अधिकृत**

**प्रदेश सरकार**
## सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
## यातायात पूर्वाधार निर्देशनालय
## पूर्वाधार विकास कार्यालय, मोरङ
**प्रदेश नं.१, विराटनगर**

### सच्याईएको सम्बन्धमा

**सूचना प्रकाशित मिति :- २०७९/११/१७**

प्रस्तुत बिषयमा यस कार्यालयद्वारा मिति २०७९/११/१२ गतेको मध्यान्ह दैनिकमा प्रकाशित वोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा सि.नं. २ मा छनौट गरिएको वोलपत्रदाता **भारद्वाज आचार्य कन्स्ट्रक्सन एण्ड सप्लायर्स, वराहक्षेत्र-७, सुनसरी** तथा **कवोल अङ्क (मू.अ.क. कर समेत) रु. १५,४२,६२७।१७** हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको व्यहोरा सम्बन्धित सबै वोलपत्रदाताहरुलाई जानकारीको लागि अनुरोध छ ।

## मलेसियामा रोजगारको अवसर |
कम्पनी: AGRO 19 BERHARD
शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०२२/०७/१३ चलानी नं.: ६०१८३१८५ LT. No.: 267309 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 21 | 0 | स. काममा दक्ष | 1500 | ४४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: AME MANUFACTURING SDN BHD
शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०२२/०६/३० चलानी नं.: ६०१८२२२९ LT. No.: 266310 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 21 | 0 | स. काममा दक्ष | 1500 | ४४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २४ गते (8 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००।०० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
**Frontline Recruitment Pvt. Ltd.**
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com

## मलेसियामा रोजगार |
कम्पनी: DENWAY SUPERMARKET SDN BHD
शहर: JOHOR

पूर्व स्वीकृत मिति: २०७९/०८/११ चलानी नं.: ६०१९२१९३ LT. No.: 276002 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Wholesale And Retail Job | 3 | 0 | स. काममा दक्ष | 1500 | ४३,३६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २४ गते (8 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1328/074/075
**Excellent Manpower Services Pvt. Ltd.**
**साविक**: (AL SUJIT MANPOWER PVT. LTD.)
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com

## युएईमा रोजगार
कम्पनी: MAGNUM SECURTIY SERVICES
शहर: UAE

पूर्व स्वीकृत मिति: २०७९/०८/१३ चलानी नं.: ६०१९२३८४ L.T. No.: 276514 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 33 | 0 | स. काममा दक्ष | 1200 | ४३,१६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २४ गते (8 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

Gov. Lic. No.: 320/059/060
**People & Places Pvt. Ltd.**
Tokha 10, Prayas Nagar, Kathmandu, Nepal | Tel: 4954622, 9745551435, 9823503539
Email: peopleandplacesp @gmail.com | Website: www.pnprecruit.com

## Khatyad Rural Municipality
## Office of the Rural Municipal Executive
**Ramtadi , Mugu**

### Invitation for Bids

**First Date of Publication: - 2079/11/17 BS, 2023/03/01 AD**

1. *Khatyad Rural municipality Ramtadi, Mugu* invites only electronic bids from eligible bidders for the construction of following **works** under National Competitive Bidding under the Single-Stage, Single Envelope Biding Procedure.

| SN | Contract No/ Bid No | Description of Works | Total cost of project including VAT. | Bid Security Amount (NRs) | Bid document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | KRM/NCB/ WORKS/04/79/80 | Construction of Brick Masonry and Ground levelling Works at Mahadev Masta Namuna Ma. Vi. Ratapani Khatyad-11, Mugu | *3500000/-* | *93000/-* | 3000.00/- | |

2. Purchase, Submission and Opening:

| Activity | Date | Time |
|---|---|---|
| Submission of Bid | Up to 2079/12/17 ( 31 Mar. 2023) | 12:00 Hrs |
| Opening of Bid | Up to 2079/12/17 ( 31 Mar. 2023) | 14:00 Hrs |

3. Information to deposit the cost of bidding document:-

Name of the Bank: Machhapuchchhre Bank,Khatyad, Branch
- Name of Office: Khatyad Rural Municipality
- Dharauti Account no.: 7901524658180056
- Rajaswa (revenue) Account no : 7901524658180088

4. Bidders shall have the option of submitting their bids: "by electronic only". Bids received after this deadline will be rejected.
5. Electronic bids must be submitted to the office Khatyad Rural Municipality, Ramtadi ,Mugu through PPMO website www.bolpatra.gov.np. on or before 31-03-2023 12:00.
6. The unit price furnished in words shall prevail in case of any discrepancy between figures and words.
7. Matters not covered by this notice shall be in accordance with Public Procurement Act 2063 (First amendment 2073 as well and Public Procurement Regulation 2064.
8. Bids must be valid for a period of 90 days after bid opening which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time to contract Award.
11. For all other details, please refer to the complete set of bidding documents at Khatyad Rural Municipality, Ramtadi, Mugu

**Chief Administrative Officer**
**Khatyad Rural Municipality, Ramtadi, Mugu**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१७ फागुन २०७९, बुधबार
1 March 2023, Wednesday

## सम्पादकीय

### प्राज्ञिक सत्ताको सुरुवात

मुलुककै प्राज्ञिक थलो हो–नेपाल प्रज्ञा प्रतिष्ठान । तर विगतमा प्राज्ञिकभन्दा भर्तीकेन्द्र र स्वार्थकेन्द्रीत कार्य बढी भएको भन्दै प्रज्ञा प्रतिष्ठान प्राज्ञिक क्षेत्रबाटै आलोचित बनेको थियो । प्रज्ञा–प्रतिष्ठानले अहिलेसम्म पञ्चायती नजरियालाई समर्थन गर्ने, त्यसैलाई जोगाउने हिसाबले मात्र अहिलेसम्म अभ्यास गरिआएको आरोप पनि खेप्दै आएको छ । प्रज्ञा–प्रतिष्ठानलाई भाषा, संस्कृतिको सर्वोच्च थलो भनिन्छ । तर १२३ भाषाभाषी भएको नेपालको प्रज्ञा–प्रतिष्ठानले केही निश्चित भाषाभाषीलाई वाहेक अरूलाई महत्व दिन नसकेको तीतो सत्य हो । प्रज्ञाप्रतिष्ठानको अहिलेसम्मको उपलब्धीलाई हेर्दा लगभग एकल भाषाकै अभ्यास भइआएको छ । पछिल्लोपटक कुलपति भूपाल राईसहित प्रज्ञा परिषद र प्रज्ञासभाले पूर्णतः पाएको छ । नवनियुक्त कुलपति राई समक्ष प्रज्ञा प्रतिष्ठानको साख जोगाउने र गरिमा बचाउने मात्र होइन समय सापेक्षा परिवर्तनको अनुभूति गराउनुपर्ने चुनौति छ ।

प्रज्ञा प्रतिष्ठानले सबै जाति,समुदाय र भाषालाई समान महत्व दिइने बताएका कुलपति राईले आफूले कार्यभार सम्हालेपछि पहिलो काम नै नेपाली बृहत् शब्दकोश परिमार्जन र शुद्धिकरणबाट थालनी गरेका छन् । अहिलेको नेपाली बृहत् शब्दकोशले कतिपय शब्द, थरको शब्दको अर्थ समुदायलाई नै हियाउने खालको रहेको छ । त्यसैले यसमा परिमार्जन अत्यावश्यक थियो । त्यसका लागि प्रतिष्ठानले त्यस्ता शब्दहरूको अर्थ, सुझाव संकलन कार्य सुरू गर्नु प्रशंसानीय छ । त्यसैगरी प्रज्ञा परिषद्ले प्रतिष्ठानमा भइरहेका आर्थिक अनियमिततालाई रोक्ने अभियानको पनि सुरूवात गरेको छ । प्रज्ञा–प्रतिष्ठानको पछिल्लो बैठकले दोहोरो सुविधा लिइरहेका आजीवन सदस्यलाई पारिश्रमिक नदिने निर्णय गरेको छ । यो निर्णय फागुनदेखि नै लागू हुने बताइएको छ ।

नेपाल प्रज्ञा–प्रतिष्ठान ऐन, २०६४ को दफा २८ को उपदफा ४ मा दोहोरो पारिश्रमिक सुविधा प्रदान गर्न नमिल्ने व्यवस्था विपरीत अझै केही सदस्यहरूले त्यस्तो सुविधा लिइरहेका छन् । तर अब भने त्यस्तो दोहोरो सुविधा लिइरहेका आजीवन सदस्यलाई पारिश्रमिक नदिने प्रज्ञा प्रतिष्ठानले निर्णय गरेको छ । प्रज्ञा–प्रतिष्ठानको यो निर्णय अनुसार नेपाल सरकारका विश्वविद्यालयहरू तथा अन्य निकायबाट निवृत्तिभरण लिइरहेका आजीवन सदस्यहरूले अब प्रतिष्ठानबाट पारिश्रमिक/सुविधा पाउने छैनन् । यसबाट प्रज्ञा प्रतिष्ठान साहित्य र संस्कृतिको अध्ययन गर्ने थलो हो, जागीर खाने ठाउँ होइन भन्ने मानक स्थापित हुदै जाने छ ।

प्रतिष्ठानले प्रज्ञा परिषद् सदस्यको कार्यविभाजन समेत गरेको छ । कार्यविभाजन गर्दा संस्कृति, लोकवार्ता तथा मौखिक इतिहास विभागको जिम्मा कुलपति राई आफैंले लिएका छन् । अरू विभागहरू पनि सम्बन्धित विषय र विज्ञताको आधारमा प्राज्ञहरूलाई जिम्मेवारी दिइएका छन् । यसलाई सकरात्मक परिवर्तनको स्रोतका रूपमा हेर्नुपर्छ । यो कुलपति राईले भनेजस्तै युगले मारेको सौन्दर्यशास्त्रको खोजी गर्ने र जनताको आवाजसँग जोडिएको प्राज्ञिक सत्ता निर्माणको सुरूवात पनि हो ।

# उपेक्षामा किसान

*राज्यसत्ता कसरी टिकाउने भन्ने चलखेलमा सरकार लागिरहँदा कृषकका समस्या भने सधैँ आफ्लेलमा परेका छन् । राज्यलाई यति पनि थाहा छैन कि आयातीत खाद्यान्नबाट अरबौं रकम विदेशिन्छ तर, नेपाली किसान भने सधैँ समस्यामा पिल्सिरहेका छन् ।*

अग्रलेख



● झलक शर्मा

गएको माघमा चितवनका किसानले तरकारी सडकमा फालेर सरकारको विरोध जनाए । पुनः झापाका किसानले जिउँदो कुखुरा र अण्डा सडकमा फाले । यस सन्दर्भमा किसानको प्रमुख माग नै आफूले उत्पादन गरेको वस्तुको उचित मूल्य पाउनु पर्ने हो । यस्ता सरकारप्रतिको विरोध कार्यक्रमले विगतदेखि नै निरन्तरता पाएको छ । किसानको पसिनाको मूल्य तिर्न राज्य बारम्बार चुकेको छ । किसानका व्यथा सुन्नुको त कुरै छैन उल्टै राज्यले विभिन्न करहरु लगाएर आलो घाउमा नुनचुक छर्केको छ । मानव जीवनको अस्तित्व रक्षाका लागि खाद्यान्न उत्पादन गर्ने क्षेत्र कृषि नै हो तर, नेपालमा सबैभन्दा उपेक्षित क्षेत्र कृषि नै बनेको छ ।

आज नेपालको कृषि क्षेत्रमा गरिब, पिछडिएको वर्ग मात्र संलग्न छन् । सम्पन्न वर्ग कृषि क्षेत्रमा संलग्न हुन चाहँदैन । सुखसयलको जीवन बिताउने लालसाले कृषि क्षेत्र सबैको नजरबाट उपेक्षामा परेको छ । नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ तथापी कृषि क्षेत्रले किसानलाई किन सम्पन्न गराउन सकेन भन्ने कुरा चिन्ताको विषय बनेको छ । त्यसमा राज्य किन नतमष्तक बनेको छ भन्ने कुरामा अर्को प्रतिप्रश्न खडा भएको छ । राज्यले कृषकलाई किन संरक्षण गर्दैन ? उत्पादित कृषि उपजले किन बजार पाउँदैन ? किन नेपाली बजारमा विदेशबाट आयातित खाद्यान्नको दबदबा रहन्छ ? के नेपालमा कृषिमा आत्मनिर्भर बन्न नसकेको नै हो त ? यी तमाम् प्रश्न राज्यतर्फ नै तेर्सिन्छ ।

नेपालमा कृषि पेशा व्यवसायिक बन्न सकेको छैन । कृषक अहोरात्र आफ्नो पेशामा खटिए पनि खान-लाउन नै धौ-धौको स्थिति रहेको छ । प्रशस्त आम्दानी गर्नु त परको कुरा भयो । वर्षैपिच्छे बाली लगाउने बेला मल, बीउ र सिचाइँको चरम अभाव कृषकले खेपिरहेका छन् । रसायनिक मलको अभावको विषय प्रत्येक वर्ष चर्चाको विषय बनिरहेको हुन्छ ।

